# तुर्माखाँद राजपत्र

**तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड ७ संख्या ७ मिति २०८० चैत्र ११ गते


## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८० को ऐन नं.७**

## सुरक्षित प्रसुती सेवा केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०

**<u>प्रस्तावना</u> :** नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ। यसका साथै संविधानले प्रजनन स्वास्थ्यको हकको

पनि सुनिश्चितता गरेको छ भने संविधानद्धारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धिको हकको सम्मान, संरक्षण र परिपुर्ति गर्नको लागि नागरिकहरुलाई सर्वशुलभ,पहुँचयोग्य तथा गुणस्तरीय प्रसुती सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रसुती केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न कार्यविधि वान्छनिय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ उपदफा २ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी यस तुर्माखाँद गाउँपालिकाले **"सुरक्षित प्रसुती सेवा केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०"** जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**सुरक्षित प्रसुती सेवा केन्द्र स्थापन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०**" रहेको छ।

ख) यो कार्यविधि तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "**स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति**" भन्नाले यस तुर्माखाँद गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थामा नेपाल सरकारको कानुन अनुरूप गठन भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

ख) **"सुरक्षित प्रसुती सेवा केन्द्र"** भन्नाले सामान्य किसिमका सुत्केरी गराउने तथा सामान्य किसिमको प्राथामिक उपचार गर्ने केन्द्र सम्झनु पर्दछ।

ग) **"गर्भवती जाँच सेवा"** भन्नाले सेवा प्रदायकले प्रोटोकल अनुसार कम्तीमा आठ पटक गर्भ जाँच गरेको भन्ने बुझ्नु पर्दछ।१२ हप्ता सम्म, १६ हप्ता सम्म, २० देखि २४ हप्ता, २८ हप्ता, ३२ हप्ता, ३४ हप्ता, ३६ हप्ता र ३८ देखि ४० हप्तामा गर्भवती सेवा लिएको बुझ्नु पर्दछ।

घ) **"दक्ष प्रसुतीकर्मी"** भन्नाले मान्यता प्राप्त संस्थाबाट अ.न.मी. वा स्टाफ नर्स वा मिड वाईफ उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट

एस.बि.ए./एड्भान्स एस.बि.ए. तालिम प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्दछ।

ङ) **"गाउँपालिका"** भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ।

च) **"स्वास्थ्य शाखा"** भन्नाले तुर्माखाँद गाउँपालिका स्वास्थ्य शाखा सम्झनु पर्छ।

छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ज) **"स्वास्थ्य संस्था"** भन्नाले तुर्माखाँद गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र सम्झनु पर्दछ।

झ) **"प्रसुती सेवा"** भन्नाले तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य संस्था/प्रसुती केन्द्रमा प्रदान गरिने सामन्य प्रसुती सेवा सम्झनु पर्दछ।

ञ) **"प्रसुतीकर्मी"** भन्नाले गर्भवती महिलाको प्रसुती गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्य कर्मी सम्झनु पर्दछ।

## परिच्छेद- २

## प्रसुती केन्द्र सञ्चालन अनुमती प्रक्रिया

**३. प्रसुतीकेन्द्र स्थापना गर्न आवश्यक न्यूनतम आधार :**

१) प्रसुती केन्द्र स्थापना गर्न स्वास्थ्य संस्थाको क्षेत्राधिकार भित्रको न्यूनतम जनसंख्या कम्तीमा पाँच सय हुनु पर्दछ। यदि जनसंख्या कम भएमा भौगोलिक विकटतालाई आधार मानी गाउँपालिकाले आफ्नो आन्तरीक श्रोतको सुनिश्चित गरी प्रसुती केन्द्र सञ्चालन अनुमती दिनु पर्नेछ।

२) गर्भवती, प्रसुती तथा सुत्केरीको थप व्यवस्थापन गर्न गाउँपालिकाले प्रसुतीकेन्द्रको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु पर्नेछ।

३) प्रसुती केन्द्र स्थापना गर्नको लागि अनुसूची १ बमोजिमको न्यूनतम भौतिक पुर्वाधारको व्यवस्था तथा अनुसूची २ बमोजिमको आधारहरु भएको हुनु पर्नेछ।

**४. प्रसुती केन्द्र सुचीकृत गर्ने प्रक्रिया :**

१) स्वास्थ्य संस्थामा प्रसुती केन्द्र स्थापनाको औचित्य तथा दिगोपना पुष्टि हुने आधार सहित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयको प्रतिलीपी र सम्बन्धित वडा कार्यालयको सिफारिसमा

स्वास्थ्य चौकीले गाउँपालिकाको स्वास्थ्य शाखामा निवेदन पेश गर्नु पर्नेछ।

२) निवेदन प्राप्त भएको १५ दिन भित्रमा अनुसूची ४ बमोजिम स्वास्थ्य शाखामा कार्यरत नर्सिङ्ग कर्मचारीको संयोजकत्वमा ३ सदस्यीय प्राविधिक कार्य समुह गठन गरी स्थलगत अध्ययन गर्नुपर्नेछ। प्राविधिक कार्यसमुहले प्रसुती केन्द्र स्थापना गर्न स्थानीय आवश्यकता, जनसंख्या, भौगोलिक विकटता, न्यूनतम भौतिक पुर्वाधार, नजिकै अर्को प्रसुती केन्द्र सम्मको दुरीलाई आधार मान्नु पर्नेछ।

३) प्राविधिक कार्य समुहले स्थलगत अध्ययन गर्दा अनुसूची १ र २ का आधारहरुलाई ध्यानमा राखी सुरक्षित प्रसुती केन्द्रको स्थापनाको लागि अनुसूची ३ सहितको प्रतिवेदन स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ।

४) प्राविधिक कार्यसमुहको प्रतिवेदन बमोजिम स्वास्थ्य शाखा प्रमुखले आफ्नो राय सहित गाउँ कार्यपालिकाको बैठकमा पूर्व-स्वीकृतिका निम्ति पेश गर्नु पर्नेछ।

५) पूर्व-स्वीकृत प्राप्त भएमा प्राविधिक कार्यसमुहको प्रतिवेदन अनुसार अनुसूची ५

बमोजिम औजार तथा उपकरण र अनुसूची ६ बमोजिम औषधिहरुको अपुग वा अप्रयाप्त भएको पाइएमा स्वास्थ्य शाखाले व्यवस्था मिलाउनु पर्नेछ र श्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नु पर्नेछ।

६) आवश्यक सम्पुर्ण भौतिक पुर्वाधार, औजार उपकरण तथा औषधि सुनिश्चित गरि सके पश्चात स्वास्थ्य शाखा प्रमुखले प्रसुती केन्द्र सुचीकृतका निम्ति सम्पुर्ण कागजात सहित गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ।

७) प्राविधिक कार्य समुहको स्थलगत अध्ययन प्रतिवेदन तथा पुर्व-स्वीकृत प्राप्त पछिको प्रसुती केन्द्र स्थापनाका सम्पुर्ण मापदण्डहरु पुरा भएको खण्डमा गाउँ कार्यपालिकाको बैठकले प्रसुती केन्द्र स्थापना सम्बन्धमा निर्णय गरी नयाँ प्रसुती केन्द्र स्थापना तथा सञ्चालनको लागि स्वीकृत प्रदान गर्नु पर्नेछ।

८) प्रसुती केन्द्र सुचीकृतको निर्णय पश्चात सम्बन्धित स्वास्थ्य संस्था, पालिका स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य

निर्देशनालय र परिवार कल्याण महाशाखालाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-३

### मानव संशाधन तथा बजेट व्यवस्थापन

**५. मानव संशाधनको व्यवस्था :**

१) सुरक्षित प्रसुती सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा प्रसुती केन्द्रमा अनुसूची ७ बमोजिम दक्ष प्रसुतीकर्मी सहितको मानव संशाधन व्यवस्था गाउँपालिकाले गर्नु पर्नेछ।यसरी मानव संशाधनको व्यवस्था गर्दा प्रसुती संख्यालाई आधार मानी गर्नु पर्नछ।

२) सुरक्षित प्रसुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा संघीय दरबन्दी तेरिज अनुसार जनशक्ति व्यवस्था हुनेछ। थप प्रसुती केन्द्र तथा प्रसुतीको संख्यालाई आधार मानी थप जनशक्तिको व्यवस्थापन गाउँपालिकाले गर्नु पर्नेछ।

**६. बजेट तथा सेवा सुविधा सम्बन्धि व्यवस्था :**

क) दफा ५ को उपदफा १ बमोजिम प्रसुती केन्द्रमा कर्मचारी व्यवस्थापन गर्दा

संघीय/प्रदेश अन्तर्गत शसर्त अनुदानको रकम अपुग भएको खण्डमा पालिकाको श्रोतबाट कर्मचारीहरुको तलब भत्ताको व्यवस्थापन गर्नु पर्नेछ।

ख) प्रसुती केन्द्रमा कामकाज गर्ने अनमीको मासिक रु ३००००।तिस हजार मात्र तथा सहयोगी कर्मचारीको सेवा सुविधा तुर्माखाँद गाउँ कार्यपालिकाको निर्णयानुसार महिना भुक्तान भए पछि हुनेछ।

७. **प्रेषण प्रणाली सुदृढिकरण गर्नु पर्ने :**

१. जटिलता युक्त प्रसुतीको समयमा नै पहिचान गरी प्रेषण गर्न सम्बन्धित नजिकको प्रसुती केन्द्र वा जिल्ला अस्पतालमा प्रेषण गर्नु गर्नेछ।

२. जटिलतायुक्त प्रसुतीको प्रेषणका निम्ति प्रसुती केन्द्र बिचको समन्वयका लागि प्रभावकारी संचारको सुनिश्चितता गर्नुपर्ने छ।

**८. प्रसुती केन्द्र खारेज गर्न सक्ने :**

१. सूचीकृत प्रसुती केन्द्रले लगातार तीन बर्ष सम्म बार्षिक छतिस (३६) जना भन्दा कम प्रसुती सेवा दिएमा गाउँ कार्यपालिकाले स्वास्थ्य शाखाको राय बमोजिम खारेज गर्न सक्नेछ।

२. प्रसुती केन्द्र हटाइएको स्थानमा जनताको सहजताको लागि प्रभावकारी प्रेषण प्रणाली सञ्चालन गर्ने पर्नेछ।

३. दफा ७ को उपदफा १ बमोजिम स्वास्थ्य शाखाले राय प्रसुत गर्नु पुर्व प्राविधिक कार्य समुहले उक्त वडाको स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मी सँग परामर्श गरी उचित कारण सहितको प्रतिवेदन पशे गर्नु पर्नेछ।

४. गाउँ कार्यपालिकाले प्रसुती केन्द्र खारेजको निर्णय गर्दा उक्त प्रसुती केन्द्रमा रहेका औजार तथा उपकरणको व्यवस्थापनमा ध्यान दिनु पर्नेछ र खारेज पश्चात सम्बन्धित स्वास्थ्य संस्था, वडा, पालिका स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य

निर्देशनालय र परिवार कल्याण महाशाखालाई जानकारी गराउनु पर्नेछ।

**(९) प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लिखित विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. बाधा अड्काउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**(१२) विविधः** (१) सुरक्षित प्रसुती केन्द्रहरुमा कार्यरत अनमी तथा सरसफाई सहयोगीहरुको कार्य विवरण अनुसूची ६ (क) र (ख) बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा आवश्यकतानुसार संसोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

अनुसूची-१

(*परिच्छेद-२ को दफा-३ को उपदफा-३ सँग सम्बन्धित*)

**<u>प्रसुती सेवा केन्द्र स्थापना गर्न आवश्यक न्यूनतम भौतिक पुर्वाधार :</u>**

| क्र.सं. | विवरण | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सुरक्षित स्थान | | | बाढि पहिरो तथा बन्यजन्तुको |

| | | | | |
|---|---|---|---|---|
| | | | | जोखिम नभएको |
| २ | कम्तिमा २ वटा बेड अट्न सक्ने पूर्व/उत्तर प्रसुती कक्ष | १ | सफा | कम्तीमा पनि ३ वटा कोठा भएको हुनु पर्ने |
| ३ | प्रसुती कक्ष | १ | सफा, | डेलिभरी बेड,ईमरजेन्सी ट्रली,आवश्यक न्यूनतम सामाग्री राख्न दराज अटने, र आपतकालिन अवस्थामा कम्तीमा ४ जना व्यक्ति सजिलै हिंडडुल गर्न सक्ने ठाउँ भएको |
| ४ | गर्भवती तथा सुत्केरीका निम्ति पूर्व/उत्तर प्रसुती कक्ष सँग जोडिएको ट्वाइलेट | १ | | |
| ५ | प्लासेन्टा पिट | १ | | |
| ६ | रातको समयमा | १ | | |

| | | | | |
|---|---|---|---|---|
| | डयूटीमा खटिएका नर्सिङ्ग कर्मचारी निम्ति बस्ने डयूटी स्टेसन कक्ष | | | |
| ७ | २४ सै घण्टा विद्युत (व्याकअप समेत) | | | |
| ८ | २४ सै घण्टा पानीको व्यवस्था | | | |
| ९ | गर्भवती तथा सुत्केरीलाई भोजन गराउन सक्ने व्यवस्था सहितको आरामास्थल भएको | | | |
| १० | एम्बुलेन्स चल्ने बाटो | | | |

तुर्माखाँद गाउँपालिका

## अनुसूची-२

*(परिच्छेद-२ को दफा-३ को उपदफा-३ सँग सम्बन्धित)*

**<u>नयाँ प्रसुती केन्द्र स्थापना गर्नका लागि Safe Motherhood Roadmap ले सिफारिस गरेका आधारहरु</u>**

१. सेवाग्राहीहरुको पहँच बृद्धि गर्नका लगि नयाँ प्रसुती केन्द्र स्थापना गर्दा प्रसुती केन्द्रको संख्या मात्र बढाउने नभई गुणस्तरीय प्रसुती सेवा प्रदान गर्न सम्पुर्ण मापदण्ड (पुर्वाधार,औजार उपकरण तथा मानब श्रोत) को सुनिश्चितता गरेर मात्र रणनितिक स्थान (Strategic location) मा मात्र सुरक्षित प्रसुती सेवा केन्द्र (बर्थिङ् सेन्टर) स्थापना गर्नु पर्नेछ।

२. नयाँ स्थापना हुने बर्थिङ सेन्टरले बर्षमा कम्तीमा १५ जना प्रसुती गराएको हुनु पर्नेछ।

३. २ घण्टा भित्र सहजरुपमा पुग्न सकिने स्थानको छनोट गरी बर्थिङ सेन्टर स्थापना गर्नु पर्नेछ र प्रसुतीकेन्द्रमा गुणस्तरीय सामान्य प्रसुती सेवा दिन सक्ने र

समस्याहरुको समयमै पहिचान गरी उपयुक्त व्यवस्थापन र प्रेषण गर्ने व्यवस्था सुनिश्चित गर्ने।

४. हाल सञ्चालनमा रहेका प्रसुती केन्द्रहरुमा २४ सै घण्टा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने बनाउने।

## अनुसूची-३

*(परिच्छेद-२ को दफा-४ को उपदफा-३ सँग सम्बन्धित)*

**प्रसुती केन्द्र स्थापनाको लागि प्राविधिक कार्य समुहले गर्ने अनुगमन चेकलिष्ट**

| क्र.सं. | अनुगमन गर्नु पर्ने विषय | संख्या |
|---|---|---|
| १ | Delivery Bed को संख्या | |
| २ | Delivery Set को संख्या | |
| ३ | Episiotomy set को संख्या | |
| ४ | New born Corner को व्यवस्था (ठाउँ र Baby Resuscitation Table, Disposable Nasal Tube, Laryngoscope) | |
| ५ | Placenta Pit को व्यवस्था | |
| ६ | २४ सै घण्टा खाने पानीको व्यवस्था | |
| ७ | Electricity/Solar/Battery Back up को व्यवस्था | |

| | | |
|---|---|---|
| ८ | कर्मचारी र सेवा ग्राहीहरुको लागि शौचालयको व्यवस्था | |
| ९ | कर्मचारी बस्नको लागि छुट्टै कोठाको व्यवस्था | |
| १० | अत्यावश्यक औषधिको व्यवस्था | |
| ११ | आवश्यक फर्निचरको व्यवस्था | |
| संक्रमण रोकथाम तथा नियन्त्रण | | |
| १ | फोहोर संकलनका लागि छुट्टाछुट्टै रंगको बाल्टी तथा प्रयोग | |
| २ | Chlorine Solution बनाउनको लागि बाटा तथा प्रयोग | |
| ३ | Autoclave को उपलब्धता तथा प्रयोग | |
| ४ | Personal Protective Equipment को उपलब्धता तथा प्रयोग | |
| ५ | सेवा प्रदान गरिने स्थानको समग्र सरसफाई | |

सुपरीवेक्षकको  सम्बन्धित वडाको स्वास्थ्य संस्थाको तर्फबाट

नामः

नामः

पदः

पदः

संस्थाः

फोन नं.

संस्थाको छापः

एक प्रति स्वास्थ्य संस्थामा राख्ने र अर्को प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ।

## अनुसूची-४

*(परिच्छेद-२ को दफा- ४ को उपदफा-२ सँग सम्बन्धित)*

**प्राविधिक कार्य समुहको संरचना**

क) सामाजिक विकास समिति संयोजक

   संयोजक

ख) अध्यक्षले मनोनित गरेको १ जना वडा अध्यक्ष

   सदस्य

ग) गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत नर्सिङ

   कर्मचारी      सदस्य

तुर्माखाँद गाउँपालिका

# अनुसूची-५

*(परिच्छेद-२ को दफा-४ को उपदफा-५ सँग सम्बन्धित)*

## बर्थिङ सेन्टरको लागि आवश्यक औजार तथा उपकरणको सूची

| क्र.सं. | औजार उपकरणको नाम | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| 1 | Delivery Bed with Water Proof mattress and pillow | 1 | | |
| 2 | Foot Step | 2 | | |
| 3 | Delivery set (Sponge holder forcep-1, Artery Forcep-2, cord cutting scissor-1, Small bowel-1, big bowel-1, Kidney Tray-1, Rubber Sheet-1, wrapper for baby and mother-4) | 3 | | |
| 4 | Episiotomy Set (Episiotomy Scissor 14.5 cm, Episiotomy scissor 22 cm-1, Needle Holder 20cm-2 Dissecting forcep, boon tooth forcef 14cm-1, stitch cutting scissor 18cm-2, sponge holding forcep 25cm-1, Small bowel 180ml-1, Kidney Tray-1) | 1 | | |
| 5 | Cervical tear repair set (Sponge holding forcep 20 cm-4,Artery forcep 20cm-1,Artery forcep 16 cm-2, Scissor 18cm-1, Dissecting forcep,non toothed 15cm-1, suture cutting scissor long-1, Needle holder 20cm-1, Vaginal speculum-1, sims speculum, complete set of 3 size 60*25, 70*30 and | 1 | | |

| | | | | |
|---|---|---|---|---|
| | 80*30-1) | | | |
| 6 | Dressing set (Artery forcep 140mm-1, toothed thumb forcep 155mm-1, suture cutting scissor 140mm-1, Kidney tray-1, bowel for antiseptic-1) | 1 | | |
| 7 | General bed with water proof mattress and pillow | 2 | | |
| 8 | Suction machine for adult/mother | 1 | | |
| 9 | Disposable suction tube big and small size | 10 | | |
| 10 | Baby suction with disposable suction tube | 20 | | |
| 11 | Oxygen cylinder with mask | 1 | | |
| 12 | IV stand | 2 | | |
| 13 | Peri light | 1 | | |
| 14 | BP instrument (set) | 1 | | |
| 15 | Stethoscope | 1 | | |
| 16 | Fetal doppler | 1 | | |
| 17 | Silver Fetoscope | | | |
| 18 | Measuring tape | 1 | | |
| 19 | Emergency Drug trolly | 1 | | |
| 20 | Chetal forcep with Jar | 1 | | |
| 21 | SS drum big size-3, small size-2 | 1।2 | | |
| 22 | Wall clock | 1 | | |

| | | | | |
|---|---|---|---|---|
| 23 | Resuscitation bag with mask (Baby size 0 and 1) | 1 | | |
| 24 | Resuscitation table with water proof mattress | 1 | | |
| 25 | Resuscitation set | 1 | | |
| 26 | Baby blanket | 2 | | |
| 27 | Macintosh (1.5*1.5 meter) | 1 | | |
| 28 | Bed Screen | 1 | | |
| 29 | Bed Pan | 1 | | |
| 30 | Dust Bin | 3 | | |
| 31 | Torch Light (Head) | 1 | | |
| 32 | Tourniquet, Latex Rubber, 75cm | 2 | | |
| 33 | Adult Ambu bag | 1 | | |
| 34 | Cahir | 1 | | |
| 35 | Wooden Rack | 1 | | |
| 36 | Water Tank (at least 1000 liter capacity) | | | |
| 37 | Digital thermometer | 2 | | |
| 38 | Weight Machine (Adult) | 1 | | |
| 39 | Auto clave Machine (Double Drum) | 1 | | |
| 40 | Autoclave Tape | 1 | | |
| 41 | Plastic Apron | 3 | | |
| 42 | Steel cupboard | 1 | | |
| 43 | Table | 1 | | |

| | | | | |
|---|---|---|---|---|
| 44 | Syringe 20cc-5,10cc-10,5cc-20,3cc-30 | 65 | | |
| 45 | Inj RL-10, NS-10, DNS-5, Dextrose 5%-5 | 30 | | |
| 46 | IV Set/IV cannula | 50 | | |
| 47 | Foleys Catheter, plane catheter, Uro bag | 10 | | |
| 48 | Surgical Gloves/Examination gloves | 50 | | |
| 49 | Utility gloves | 3 | | |
| 50 | Chromic catgut | 10 | | |
| 51 | Linen Thread | 2 | | |
| 52 | Cotton, Gauze, | 5 | | |
| 53 | Gum boot | 3 | | |
| 54 | Big Blanket | 4 | | |
| 55 | Eye glasses | 2 | | |
| 56 | Fridge to store oxytocin | 1 | | |
| 57 | Suture set | 1 | | |
| 58 | Knee Hammer | 1 | | |
| New Baby corner | | | | |
| 1 | Cord clamp | 10 | | |
| 2 | Baby Wrapper | 12 | | |
| 3 | Pan weight Machine | 1 | | |
| 4 | Resuscitation table with warmer | 1 | | |
| 5 | Room Thermometer | 1 | | |

तुर्माखाँद गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| 6 | Baby Stethoscope | 1 | | |
| 7 | Penguin Suction | 2 | | |
| 8 | Bag and Mask | 1 | | |
| 9 | KMC wrapper | 1 | | |
| 10 | Room Heater | 1 | | |
| 11 | Glucometer | 1 | | |
| Family Planning Services | | | | |
| 1 | Depo | | | |
| 2 | Implant | | | |

## अनुसूची-६

*(परिच्छेद-२ को दफा-४ को उपदफा-५ सँग सम्बन्धित)*

## बर्थिङ सेन्टरको लागि चाहिने अत्यावश्यक औषधिको सूची

| क्र.सं. | औषधिको नाम | न्यूनतम संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| 1 | Injection Oxytocin 10 IU | 10 | | |
| 2 | Injection Ergomertrin | 5 | | |
| 3 | Nifedipine 5mg, 10mg | 10 | | |
| 4 | Inj. Magnesium sulphate 50% | 50 | | |
| 5 | Inj. Calcium Gluconate | 5 | | |
| 6 | Inj. Xylocaine 2% | 5 | | |
| 7 | Inj. Adrenaline | 5 | | |
| 8 | Inj. Dexamethasone | 5 | | |

| | | | | |
|---|---|---|---|---|
| | 40mg | | | |
| 9 | Inj. Gentamycin 40mg | 5 | | |
| 10 | Chlorhexidine gel 4% | 100 | | |
| 11 | Inj. Vitamin K1 | 10 | | |
| 12 | New born emergency kit 10% dextrose; Inj. Ampicillin, Gentamycin, Inj. 24 G IV cannula, Syringe 5ml/10ml | 1 | | |

# अनुसूची-७

*(परिच्छेद-३ को दफा-५ को उपदफा-१ सँग सम्बन्धित)*

## प्रसुती केन्द्रमा मानव संशाधनको अवस्था

| जम्मा प्रसुतीको संख्या | न्यूनतम नर्सिङ्ग कर्मचारीको संख्या | कैफियत |
|---|---|---|
| न्यूनतम वार्षिक ५० जना सम्म | अनमी/सिअनमी-२ जना<br>सहयोगी-१ जना | कम्तीमा एक जना दक्ष प्रसुतीकर्मी तालिम लिएको |
| ५१ जना देखि १०० जना सम्म | अनमी/सिअनमी-३ जना<br>सहयोगी-१ जना | कम्तीमा दुई जना दक्ष प्रसुतीकर्मी तालिम लिएको |
| १०० जना भन्दा माथि | अनमी/सिअनमी-४ जना<br>सहयोगी-२ जना | कम्तीमा दुई जना दक्ष प्रसुतीकर्मी तालिम लिएको |

तुर्माखाँद गाउँपालिका

## अनुसूची-८

*(परिच्छेद-३ को दफा-१२ को उपदफा-१ सँग सम्बन्धित)*

## <u>प्रसुती केन्द्रमा कार्यरत अनमीको कार्य विवरण</u>

१. क) अनमीको कार्यविवरण

- सामान्य प्रसुतीमा चाहिने औजार उपकरण तथा अतिआश्यक औषधिहरुको दैनिक अवलोकन,निरीक्षणको साथै उपलब्धताको सुनिश्चित गर्ने।
- कार्यक्षेत्र भित्र रही प्रसुती सेवा २४ सै घण्टा उपलब्ध गराउनु पर्नेछ।तथा गर्भवती जाँच, सुत्केरी जाँच, उत्तर प्रसुती जाँच लगायत परिवार नियोजन सेवा पनि उपलब्ध गराउनु पर्नेछ।
- आकस्मिक सामान्य प्रसुती सेवाद्धारा बच्चा जन्माउने, आवश्यक भएमा नवजातशिशु पुर्नजीविकरण (Resuscitation) गर्ने, यसको लागि निर्धारित मापदण्ड प्रयोग गरी सुरक्षित मातृत्व सेवा, साथै प्रसुती जटिलताको व्यवस्थापन र

परिवार नियोजन सेवा समेत प्रदान गर्ने।

- गुणस्तरीय प्रसुती सेवा उपलब्ध गराउन संक्रमण रोकथाम (Infection Prevention) सम्बन्धि गरिने क्रियाकलाप गर्ने/गराउने र गुणस्तर कायम भए नभएको सुनिश्चित गर्ने। (IP Guideline अनुसार)
- उपलब्ध गराइएको सेवा रेकर्ड राख्ने र सो को प्रतिवेदन गर्ने।
- सेवा उपलब्ध गराउन आफ्नो स्वास्थ्य चौकीको साथिहरुमा समन्वय कायम गर्ने।
- सेवा सम्बन्धि Guideline ( जस्तो SBA Guideline) को प्रयोगमा ल्याउने।
- पालिका,स्वास्थ्य चौकीले आयोजना गरेको तालिम गोष्ठी, समिक्षा तथा मुल्याङ्कनमा सक्दो सहभागी भै सेवा सुदृढिकरणमा नेतृत्व दायि भुमिका खेल्ने।

- यस बाहेक पालिका, स्वास्थ्य चौकीले तोकेका कार्य गर्ने तथा आफ्नो योग्यता अनुसार अन्य सेवाहरु उपलब्ध गराउने।
- सार्वजनिक विदा बाहेक महिनाको एक दिन विदा पाउने गरी बार्षिक जम्मा १२ दिन विदा पाउनेछन। सार्वजनिक विदाको दिनमा पनि प्रसुती आएमा सेवा उपलब्ध गराउनु पर्नेछ। संचित विदाको पैसा पाउने छैन।
- बिदा लिदा ७ दिन अगाडी सम्बन्धित स्वास्थ्य चौकी प्रमुखलाई अनिवार्य जानकारी गराई व्यक्तिगत निवेदन र स्वास्थ्य चौकीको सिफारिस पत्र सहित विदा स्वीकृतको लागि पालिका स्वास्थ्य शाखामा निवेदन दिनु पर्नेछ।
- कार्य सम्पादन तथा कार्य कुशलताको आधारमा अर्को बर्ष पनि निरन्तरता दिइने तथा



तुर्माखाँद गाउँपालिका

कार्यक्रममा बजेटको आधारमा तलव भत्ता उपलब्ध गराउनेछ।

२. ख) सहयोगी कर्मचारीको कार्य विवरण

- प्रसुती केन्द्रमा कार्यरत सहयोवगी कर्मचारीले प्रसुती केन्द्रमा सरसफाई कार्य गर्नु पर्नेछ।
- अन्य कर्मचारी तथा अनमीले लगाएको अन्य कार्यमा सहयोग गर्ने।प्रसुती केन्द्रका लुगा धुने तथा सफा गर्ने।
- दैनिक प्रसुती केन्द्र सरसफाई गर्ने।
- सामाग्री व्यवस्थापन तथा सरसफाई गर्ने।

**प्रमाणीकरण मिति २०८०।१२।०७**

**आज्ञाले**

**चक्रदेव भट्ट**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपालिका